रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ रामग्राम, असार १० गते, २०८१ साल संख्या ३

**भाग-१**

## रामग्राम नगर शिक्षा ऐन २०७५(चौथो संशोधन)२०८१

चौथो संशोधन मिति : २०८१।०३।१०

रामग्राम नगर शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले रामग्राम नगरपालिकाले यो रामग्राम नगर शिक्षा ऐन ( चौथो संशोधन) २०८१ बनाएको छ ।

१. यस ऐनको दफा ४३ को (ख) र (ग) मा देहाय बमोजिम संशोधन गरिएको छ र (घ) थपिएको छ ।

(ख) कामकाज व्यवस्थापन हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र कामकाज व्यवस्थापन हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाई रिक्त दरवन्दीमा काम काज व्यवस्थापन गर्न सक्नेछ । तर नगर क्षेत्र भित्र वि.व्य.स. को सहमती नभएता पनि विद्यालयको आवश्यकतानुसार नगर शिक्षा समितिले विद्यालयमा कार्यरत शिक्षक, राहात शिक्षक, संघीय अनुदान, प्रदेश अनुदान, नगर अनुदानमा कार्यरत शिक्षक र विद्यालय कर्मचारी, विद्यालय सहयोगी र प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई कामकाज गर्न खटाउन सकिने छ ।

(ग) कामकाज व्यवस्थापन हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा

समितिले अर्को स्थानीय तहमा कामकाज व्यवस्थापन भई जान वा अर्को स्थानीय तहबाट कामकाज व्यवस्थापन भई आउन सहमति दिन सक्नेछ ।

(घ) उल्लिखित बुँदा न. (ख) बमोजिम नगर शिक्षा समितिले गरेको निर्णयलाई अटेर गरी कामकाज गर्न खटाइएको विद्यालयमा १५ (पन्ध्र) दिन भित्र नजाने स्थायी शिक्षकलाई नगर शिक्षा समितिको निर्णयानुसार विभागिय सजाय गर्ने र राहात शिक्षक, संघीय अनुदान, प्रदेश अनुदान, नगर अनुदानमा कार्यरत शिक्षक र विद्यालय कर्मचारी, विद्यालय सहयोगी र प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई नगर शिक्षा समितिको निर्णयानुसार पदबाट बरखास्त गरिनेछ ।

२. यस ऐनको दफा २१ को उपदफा २ मा देहाएबमोजिम संशोधन गरिएको छ ।

(२) उपदफा १ को खण्ड क बमोजिम अभिभावकहरु मध्येबाट हुने सदस्य पहिलो र दोस्रो भेलाबाट पनि छनौट हुन नसकेमा निर्वाचन प्रक्रियाबाट ३ सदस्य छनौट गरी पठाउनु पर्नेछ । निर्वाचन गर्नुपरेमा निर्वाचन सम्बन्धी सम्पूर्ण व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

२ (क) नगर शिक्षा समितिले उपदफा १ को खण्ड (क) बमोजिमको सदस्यहरु मध्येबाट छनौट गरेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

प्रमाणीकरण मितिः २०८१/०३/१० आज्ञाले

यम बहादुर कुँवर

प्रमुख प्रशासकीय अधिकृत